ALL INDIA RADIO GANGTOK

NEPALI NEWS BULLETINS

BROADCAST 18.40HRS DATE 04.05.2024

**लोक सभा**

देशमा लोकसभा चुनाउको तेस्रो चरणका लागि प्रचार अभियान चरममा छ। प्रमुख राजनीतिक दलहरूका शीर्ष नेताहरूले आ आफ्ना उम्मेदवारहरूका लागि समर्थन जुटाउन कुनै कसर बाँकी राखेका छैनन्। यस चरणमा दस राज्य र दुइवटा केन्द्रशासित प्रदेशहरूमा सात मईका दिन मतदान हुनेछ।

**पोस्टल बेल्लट गेजिङ**

यता राज्यमा गेजिङ जिल्लाले आज सेवा मतदाताहरूको तेह्रवटा डाक मतपत्रहरू प्राप्त गर्यो। ईटिपीबिएस प्रणाली अन्तर्गत इलेक्ट्रोनिक रूपमा प्रेषित यी मतपत्रहरू पेलिङ डाकघरका अधिकृतले चुनाउ विभागका अधिकारीलाई हस्तान्तरण गरेपछि जिल्ला प्रशासनिक केन्द्र राब्देन्सीमा स्थापना गरिएको स्ट्रङ रूपमा राखिएको छ। जिल्लालाई आजसम्म सेवा मतदाताहरूका कुल एक सय तेह्रवटा डाक मतपत्रहरू प्राप्त भएका छन्।

**पोस्टल बेल्लट नाम्ची**

नाम्चीमा पनि ईटिपिबीएस प्रणालीद्वारा मतदान गरिएको सेवा मतदाताहरूको चौविसवटा डाक मतपत्रहरू जिल्ला निर्वाचन अधिकारी र नोडल अधिकारीले ग्रहण गर्नुभयो। यस अवसरमा विभिन्न राजनीतिक पार्टीका चुनाउ एजेन्टहरू पनि उपस्थित थिए। यी मतपत्रहरूलाई अलग अलग छुट्याएर सम्वन्धित विधानसभा समष्टिका रिटर्निङ अधिकारीहरूद्वारा सुरक्षित रूपमा ईटिपीबिएस मतपेटीहरूमा राखिएको छ। स्मरण रहोस् जिल्लामा अहिलेसम्म जम्मा दुइ सय नवासीवटा डाक मतपत्रहरू प्राप्त भएका छन्।

**नीउ जिओसी मिट्स गभर्नर**

नव नियुक्त जेनरल अफिसर कमाण्डिङ इन चीफ, पूर्वी कमाण्ड लेफ्टिनेन्ट जेनरल श्री रामचन्द्र तिवारीले आज राजभवनमा राज्यपाल श्री लक्ष्मण प्रसाद आचार्यसित शिष्टाचार भेट गर्नुभयो। भेटघाटका बेला सुरक्षाको दृष्टिले राष्ट्रिय राजमार्ग-10 को अवस्थामा अझ अधिक सुधार ल्याउने र यातायातलाई सुगम बनाउने विषयहरूमाथि चर्चा भयो। यस अवसरमा उहाँहरूले गत वर्ष चार अक्तुवरमा टिस्टा नदीमा आएको बाढी दुर्घटनामा ज्यान गुमाउने वीर जवानहरूको स्मृतिमा निर्माणाधीन प्रेरणा स्थल वारे पनि बातचीत गर्नुभयो। लेफ्टिनेन्ट जेनरल श्री तिवारीले पूर्वोत्तर राज्यहरूमा सिक्किमलाई सबैभन्दा सहयोगी राज्य बताउँदै राज्यपाल राज्य सरकार र जनताप्रति विशेष आभार प्रकट गर्नुभयो।

**एस्पिरेसनल बल्क प्रोग्राम**

गेजिङ जिल्ला अन्तर्गत चोङराङग प्रखण्डका लागि आंकाक्षी प्रखण्ड कार्यक्रम संचालन समितिको एउटा बैठक जिल्ला प्रशासनिक केन्द्र राब्देन्चीमा आज बस्यो। जिल्लाधीश श्री एम भरनी कुमारले अध्यक्षता स्वास्थ्य, शिक्षा, कृषि तथा सम्वद्ध सेवा आधारभूत पूर्वधार तथा सामाजिक विकास जस्ता क्षेत्रहरूबारे पावर पोइन्ट प्रस्तुतीद्वारा अवगत गराइयो। चोङराङ प्रखण्डका निम्ति आकांक्षी प्रखण्ड सदस्य श्री कर्मा छोग्याल भुटियाले प्रखण्डमा निर्धारित समयभित्र शतप्रतिशत यो व्यवस्था कार्यान्वयन सम्वन्धी नीति आयोग नियम अनुरूप सान्दर्भिक तथ्याङ्क साझा गर्नुभयो। यस अवसरमा सम्वन्धित अधिकारीहरू पञ्चायत निरीक्षण र सहायक परियोजना प्रबन्धकका उपस्थित थिए।

**आई एम एफ एक्सपेडिसन**

भारतीय पर्वतारोहण फाउण्डेसन आईएमएफले गेजिङ जिल्लामा अवस्थित तिन्चिन्खाङ पर्वत सम्मको पहिले मिश्रित अभियान आयोजन गरिरहेछ। भारतीय हिमालय साहसिक तथा पर्यापर्यटन केन्द्र चेम्चेका प्रशासक श्री राजीब राईले हिजो संस्था परिसरबाट अभियान टोलीलाई झण्डी हल्लाएर विदा दिनुभयो। पूर्वात्तर क्षेत्रका युवा पर्वतारोहीहरूलाई प्रोत्साहित गर्न भारतीय पर्वतारोहण फाउण्डेशनले भारतीय हिमालय साहसिक तथा पर्यापर्यटन केन्द्रसित मिलेर पर्वतारोहण अभियानको आयोजना गरिरहेछ। अभियानमा मेघालय, अरूणाचल प्रदेश मिजोराम नागाल्याण्ड त्रिपुरा र सिक्किमका पर्वतारोहीहरूले भाग लिइरहेछन्। हिजोदेखि आरम्भ भएको अभियान एक्काइस मईमा समाप्त हुनेछ।

**पद्म अवार्ड**

पद्म पुरस्कार 2025 का लागि अनलाइन मामाङ्कन र सिफारिशको प्रक्रिया आजदेखि शुरू भएको छ नामाङ्कनको अन्तिम मिति पन्ध्र सितम्वर 2024 हो। पद्म पुरस्कारहरूका लागि नामाङ्कन र सिफारिश राष्टिय पुरस्कार पोर्टल अवार्ड.गभ.इन मा अनलाइन प्राप्त गरिनेछ। पद्म पुरस्कार अन्तर्गत पद्म विभूषण, पद्म भूषण र पद्म पुरस्कार सामेल छन्। यो देशको सर्वोच्च नागरिक पुरस्कार हो।

उन्नाइस सय चौवन्न सालमा स्थापित यी पुरस्कारहरूको घोषणा प्रत्येक वर्ष गणतन्त्र दिवसको अवसरमा गरिन्छ। यो पुरस्कार कला, साहित्य तथा शिक्षा, खेल, चिकित्सा सामाजिक कार्य, विज्ञान र इञ्जीनियरिंग, सार्वजनिक मामिला, नागिरिक सेवा व्यापार तथा उद्योग लगायत सबै विषयहरूमा विशिष्ट र असाधारण उपलब्धिहरूका लागि दिइन्छ।